| निर्देशिका सङ्ख्या: | ०१ |
|---|---|

# माण्डवी गाउपालिकाको अल्पकालिन सेवा केन्द्र सञ्चालन सम्वन्धी निर्देशिका २०७७

| गाउँ कार्यपालिकाबाट स्वीकृत मिति | २०७७/१०/१८ |
|---|---|

**माण्डवी गाउँपालिका**

**प्यूठान जिल्ला**

**लुम्बिनी प्रदेश**

## माण्डवी गाउपालिकाको अल्पकालिन सेवा केन्द्र सञ्चालन सम्वन्धी निर्देशिका २०७७

प्रमाणीकरण मिति : २०७७/१०/१८

### १. भूमिका

लैंगिक हिंसा सामाजिक चिन्ताको विषय बनिरहेको छ । लैंगिक हिंसाबाट प्रायः महिला नै प्रभावित हुने गरेका छन् । कतिपय प्रभावित महिला एक्कासी घरबाट निकालिने गरेको र कहीँ कतै थात-बास नपाएर झन् जोखिममा पर्नुपरेको अवस्था पनि छ । आफन्त भन्दैमा महिलाले प्रताडित हुनुपर्ने स्थिति कदापि हुनुहुँदैन । महिला हिंसाविरुद्ध शून्य सहनशीलता हुनुपर्दछ । महिला स्वयम्ले, परिवारका सज्जनले अनि समुदायका सबैले अन्यायको प्रतिकार गर्नुपर्दछ । सँगसँगै प्रभावित महिलालाई तत्काल संरक्षण गर्ने, न्याय दिलाउने र उनकै पक्षमा पारिवारिक मेलमिलाप कायम गराउने तर्फ पनि त्यतिकै ध्यान दिनुपर्ने भएको छ ।

घरेलु हिंसा(कसुर र सजाय) ऐन २०६६ तथा सो को नियमावली २०६७ ले गरेको व्यवस्थानुसार माण्डवी गाउपालिकाले यस पालिकाको कार्यक्षेत्र भित्र घरेलु हिंसाबाट पीडित महिलाहरुलाई तत्काल अल्पकालिन सेवा र सुविधा पु¥याउनको लागि यो अल्पकालिन सेवा केन्द्र संञ्चालनको कार्यक्षेत्रगत शर्तहरु तयार गरि लागु गरेको छ ।

### २. उद्देश्य

महिला संस्थाहरूको समन्वयमा निरोधात्मक सामाजिक जागरण ल्याउनुका साथै अधिकारवादी सोचबाट प्रभावित महिलाका लागि छिमेकी सहयोग एवं समुदायदेखि नै सदरमुकामसम्मका यथाशक्य उपचारात्मक सेवाहरू सुलभ गराएर न्याय दिलाउनु अल्पकालिन सेवा केन्द्रको उद्देश्य हो ।

### ३. परिभाषा

“घरेलु हिंसा” भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनु पर्दछ ।

“लैंगिक हिंसा” भन्नाले सार्वजनिक वा निजी जीवनमा लिंगको आधारमा कसैप्रति शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुर्‍याउने कार्य सम्झनु पर्दछ र सो शव्दले लिंगको आधारमा हुने वा हुन सक्ने कुनै पनि प्रकारको अपमानजन्य, पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दवाव, करकाप वा स्वेच्छाचारी रुपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट बञ्चित गर्ने कुनै कार्य समेतलाई जनाउछ ।

“समन्वय समिति” भन्नाले यस निर्देशिकाको दफा १२ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

“निर्देशन समिति” भन्नाले यस निर्देशिकाको दफा १३ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

### ४.कार्यक्षेत्र

स्थानिय तहको समन्वय समितिले अन्यथा तोकेकोमा बाहेक,

(क)सुरक्षित अल्पकालिन सेवाकेन्द्रको कार्यक्षेत्र हालको स्थानिय तहको कार्यक्षेत्र हुनेछ ।

### ५.कार्यजिम्मेवारी

सुरक्षित अल्पकालिन सेवा केन्द्रहरूको कार्य जिम्मेवारी देहाय बमोजिम हुनेछ ।

(क) निर्धारित प्रक्रियाबाट सम्प्रेषित प्रभावित महिलाका लागि स्वीकृत मापदण्ड मुताबिकको बस्ने-खाने व्यवस्था भएको सुरक्षित अल्पकालीन आश्रय सञ्चालन गर्ने;

(ख) खण्ड (क) बमोजिम आरक्षित महिलाले निजको अवस्था अनुसार स्थानीयस्तरमा नै प्राप्त गर्नुपर्ने निम्नलिखित सेवाहरू प्रदान गर्ने :

- लागेको चोटपटकको औषधोपचार;
- मनोसामाजिक विमर्श;
- न्यायमा पहुँच दिलाउन आवश्यक कानुनी परामर्श एवं सेवा;
- कानुन कार्यान्वयन गर्ने निकायहरूसँग सम्पर्क सेवा र
- समन्वय समितिले तोकेका अन्य सेवा ;

(ग) गम्भीर प्रकृतिको घटना भएको वा पारिवारिक मेलमिलापको पहल व्यर्थ भएको खण्डमा प्रभावित महिलालाई तत्काल संरक्षणमा लिएर आवश्यकता अनुसार खण्ड (ख) बमोजिमका सेवा प्रदान गर्ने ;
(घ) सुरक्षित आश्रय आवश्यक नपर्ने तर खण्ड (ख) मा उल्लिखित सेवा आवश्यक परी निर्धारित प्रक्रियाबाट सम्प्रेषित प्रभावित महिलाका हकमा पनि आवश्यक सेवा दिने ;
(ङ.) सेवाप्राप्त प्रभावित महिलालाई हकभोग, पारिवारिक पुनर्मिलन, वैकल्पिक पुनःस्थापनाका लागि संप्रेक्षकलाई समन्वय गरी फिर्ता गर्ने ;
(च) स्थानीय स्वास्थ्य केन्द्रमा उपचार हुन नसक्ने चोटपटक भएमा, जटिल मनोसाजिक संमस्या भै थप मनोसामाजिक विमर्श आवश्यक परेमा,कानुनी उपचार चाहेमा सेवा केन्द्र संचालन गर्ने संस्थाले स्थानिय तहमा अनुरोध गर्ने ;
(छ) फिर्ता सम्प्रेषित प्रभावित महिलाको अवस्थाअनुसार हकभोग, पारिवारिक पुनर्मिलन तथा घटनाको पुनरावृत्ति नहोस् भनी अनुशरण लगायतमा यथाशक्य सहजीकरण गर्ने;
(ज) स्थानीय तहका निगरानी समुह ,समिति संस्था अन्य संघसंस्थासंग,निरन्तर सम्पर्क समन्वय गर्ने ;
(झ) विभिन्न सेवामा प्रभावित महिलाको पहुँच स्थापना गर्न स्थानीय सेवा-प्रदायकमाझ अधिवाचन एवं सञ्जालीकरण गर्ने;
(ञ) सरोकारवाला निकायहरु ,महिला संस्था समितिहरुको सहकार्यमा बिभिन्न कार्यक्रमका माध्यमबाट घरेलु ज्यादती विरोधी सामाजिक जागरुकता बढाउने;

(ट) सेवाकेन्द्रको मासिक,चौमासिक र वार्षिक भौतिक एवं वित्तीय प्रगति प्रतिवेदन तयार गरी महिला बालबालिका तथा सामाजिक शाखामा पेश गर्ने ;

(ठ) लैंगिक हिंसाको रोकथामका लागि अनि घटना घटि हालेको खण्डमा छिमेकीका नाताले प्रभावित महिलाको पक्षमा पारिवारिक मेलमिलाप कायम गराउन पहल गर्ने;

(ड) प्रचलित कानुन बमोजिम न्याय प्राप्त गर्ने सिलसिलामा तत्काल गर्नुपर्ने कार्य, सुरक्षित राख्नुपर्ने प्रमाण र उपचारका बाटाबारे प्रभावित महिला लाई परामर्श दिनुका साथै आवश्यकताअनुसार त्यसमा मद्दत गर्ने;

(ढ) पारिवारिक पुनर्मिलनको प्रयत्न फलदायी नभएको तथा गरिखाने आधार केही पनि नभएको प्रभावित महिला का हकमा जीविकोपार्जन अनुदान को रूपमा आर्थिक सहायता दिने र

(त) सेवा केन्द्रको उद्देश्य प्राप्ति तथा सोको सिलसिलामा आवश्यक भई पालिका समन्वय समिति ले तोकेका अन्य कार्य गर्ने ।

## ६.सेवा लिने प्रकृया /सम्प्रेषण

क. पीडित महिलाको मौखिक वा लिखित निवेदन
(ख) सेवा केन्द्रको कार्यक्षेत्र भित्रका महिला संस्था वा अन्तर्गतको समितिको तर्फबाट सिफारिस भै आएको ;
(ग) खण्ड (ख) मा उल्लिखित समिति, संस्था नभएको कार्यक्षेत्रको हकमा केन्द्रसँग समन्वयमा कार्य गरेको सामुदायिक संस्था तर्फबाट;
(घ) विभिन्न सरकारी तथा गैरसरकारी सेवा प्रदायकको तर्फबाट ;
(घ) कार्यक्षेत्रबाहिरका प्रभावित महिला को हकमा पालिका समन्वय समिति को विशेष निर्णयको आधारमा महिला बालबालिका तथा सामाजिक शाखाको तर्फबाट ;
सम्प्रेषकको तर्फबाट सेवा केन्द्रमा सिफारिस गर्दा कुन-कुन सेवाका लागि हो जनाउनुपर्दछ र प्रभावित महिला सँगै बालबालिका पनि भए उनीहरूको विवरणसमेत खुलाउनु पर्दछ । सम्प्रेषण गर्दा वा फिर्ता सम्प्रेषण गर्दा प्रभावित महिला लाई एक्लै पठाउनुहुँदैन; सामान्यतया एकजना र गम्भीर चोटपटक लागेको भए दुईजनासम्म साथ लगाएर पठाउनुपर्दछ । साथै साथी दिई पठाएका व्यक्तिको विवरणसमेत सम्प्रेषण गर्दा खुलाउनुपर्दछ ।

## ७.अवधि

प्रभावित महिलाका हकमा सेवा केन्द्रअन्तर्गत ३० दिनसम्म र विशेष अवस्था परी पालिका समन्वय समितिले विशेष निर्णय गरेकोमा थप १५ दिन गरी जम्मा ४५ दिन सुरक्षित अल्पकालीन आश्रयमा राख्न सकिनेछ ।
सेवा केन्द्रअन्तर्गतको सुरक्षित अल्पकालीन आश्रयमा प्रभावित महिला लाई माथि उल्लिखित अवधिसम्म एकैपल्ट वा पटक-पटक गरेर पनि राख्न सकिनेछ । प्रभावित महिलाको साथी आएका व्यक्ति महिला नै भएको खण्डमा निजलाई पनि एकैपल्ट वा पटक-पटक गरेर ७ दिनसम्म सेवा केन्द्र अन्तर्गतको सुरक्षित अल्पकालीन आश्रयमा बस्ने अनुमति दिन सकिनेछ ।
उपर्युक्तानुसार सेवा केन्द्र अन्तर्गतको सुरक्षित अल्पकालीन आश्रयमा बस्ने अवधि गणना गर्दा चोटपटकको उपचारका सिलसिलामा अस्पतालमा बिताएको दिनजति कटाउन सकिनेछ ।

## ८.अल्पकालीन सेवा केन्द्रका लक्षित वर्ग

अल्पकालीन सेवा केन्द्रमा आश्रय लिन सक्ने लक्षित वर्ग देहाय बमोजिम हुनेछः-

- घरेलु हिंसा पीडित  महिला तथा पीडित सँग आश्रित नाबालक
- लैंगिक हिंसा पीडित महिला तथा पीडित सँग आश्रित नाबालक

## ९. न्यूनतम मापदण्ड

### (क) परिसर

आवास गृह परिसर देहायबमोजिम हुनुपर्दछ :

- चारैतिर झट्ट कोही प्रवेश गर्न नसक्ने गरी अग्लो पर्खाल वा तारबारले घेरिएको;
- हाताभित्र गृहअनुसारको खुल्ला ठाउँ रहेको;
- आवागमन नियन्त्रण गर्न सक्ने गरी बलियो प्रवेशद्वार भएको र
- सुरक्षाको दृष्टिकोणले उपयुक्त स्थान ।

**(ख) आवास गृह**

आवास गृह देहायका सुविधा सम्पन्न हुनुपर्दछ :

- दुवैपट्टि झ्याल राखिएका हावा खेल्ने कोठाहरू;
- एकजना भए प्रतिव्यक्ति ६४ वर्गफिट र दुई वा बढी भए प्रतिव्यक्ति ५० वर्गफिटको कोठा क्षेत्रफल (Room Space);
- प्रत्येकका लागि छुट्टाछुट्टै खाट;
- प्रभावित बालबालिकाका लागि अलग्गै बालमैत्रि कोठा ;
- भुइँमा उपयुक्त दच्छेना, झ्यालमा पर्दा र राखन-धरन, लेखापढी गर्न आवश्यक फर्निचर;
- मनोसामाजिक विमर्श (Psycho-social Counseling) का लागि छुट्टै कक्ष;
- मनोरञ्जन, अन्तरक्रिया र आमोदप्रमोदका लागि साझा कक्ष (Common Room);
- शौचालय तथा स्नान कक्ष;
- [सुविधा उपलब्ध भएका स्थानमा] साझा टेलिफोन र टेलिभिजन;
- ठाउँ हेरी पङ्खा, हिटर;
- स्रोत हेरी पर्याप्त पानी;
- नुवाइ-धुवाइ, सरसफाइका लागि सामग्री, भाँडाकुँडा, कुचो, फोहोर सङ्कलन टोकरी, लुगा सुकाउने डोरी, इत्यादि;
- तल्लापिच्छे अग्नि नियन्त्रण उपकरण र
- सुरक्षाका लागि आवश्यकताअनुसार पालो पहरा ।

**(ग) लुगाफाटो**

भर्ना भएका प्रत्येक व्यक्तिका लागि देहायमा उल्लिखित लुगाफाटोको व्यवस्था हुनुपर्दछ :

- दरी वा कम्मल, डसना, तकिया, सिरक, दोलाइँ, झुल, खोल चाहिनेमा खोलसमेत एक-एक थान ओड्ने ओछ्याउने विस्तरा;

- एक-एक जोर चप्पल र
- नभएकालाई एकसरो लगाउने लुगा ।

**(घ) खानेकुरा**

दैनिक खानेकुराको व्यवस्था निर्देशन समितिले तोकेबमोजिम केन्द्रभित्र वा बाहिरको भोजनालयबाट व्यवस्था गर्ने गरी देहायबमोजिम हुनुपर्दछ :

- विहान चियासँगै हल्का खाजा;
- दिउँसो खाना;
- अपरान्ह पूर्ण खाजासँगै चिया;
- बेलुकी खाना;
- मांसाहारीका लागि सातामा दुईपल्ट माछा मासु तथा शाकाहारीका हकमा सोको मूल्य बराबरी दूध, दही, फलफूल र
- उमालेको वा अन्यथा शुद्धीकरण गरिएको खानेपानी ।
- बालबालिकाको हकमा उमेर अनुसार आवश्यक खाना ,

**(ङ) स्वास्थ्योपचार**

स्थानिय तह समन्वय समिति ले तोकेको अस्पतालमा संरक्षणमा लिइएका प्रभावित महिला को स्वास्थ्योपचार गराउनुपर्दछ । स्वास्थ्योपचारतर्फ निम्न व्यवस्था सुनिश्चित गर्नुपर्दछ :

- प्राथमिक उपचार बाकस;
- समस्या हेरी नियमित उपचार;
- आकस्मिक उपचार र
- बालबालिकाका हकमा उमेरअनुसार लगाउनुपर्ने खोप ।

**(च) मनोसामाजिक विमर्श**

स्थानीय तह समन्वय समितिले निर्धारण गरेको योग्यता हासिल गरेका विमर्शक (Counsellor) बाट देहायबमोजिम मनोसामाजिक विमर्श सेवा प्रदान गर्नुपर्दछ :

- संरक्षित व्यक्ति प्रत्येकलाई सातामा एकपल्ट नियमित सेवा;
- संरक्षित व्यक्तिको मनोदशा हेरी थप आवश्यक सेवा र
- सेवाग्राहीको व्यक्तिगत विवरणको गोप्यता कायम राख्ने व्यवस्था ।

**(छ) कानुनी सेवा**
देहायमा उल्लिखित कानुनी सेवा प्रदान गर्ने व्यवस्था मिलाउनुपर्दछ :

- प्रभावित महिलाले न्याय प्राप्त गर्न आवश्यक परामर्श र उपचारार्थ चाहेको सेवा र

- प्रभावित महिलाले प्रचलित कानुनबमोजिमको हक प्राप्त गर्न आवश्यक परामर्श र उपचारार्थ चाहेको सेवा ।

**(ज) सञ्चालन**
केन्द्रका सेवाहरूको सञ्चालनमा देहायका व्यवस्था पालना गर्नुपर्दछ :

- प्रभावित महिला लाई ममतामय, सहानुभूतिपूर्ण एवं सम्मानजनक व्यवहारको सुनिश्चितताका लागि लिखित आचारसंहिता;

- प्रभावित महिला को पहिचानको गोप्यता कायम राख्ने व्यवस्थाका साथै इच्छा विपरीतको कुनै पनि कार्यमा प्रतिबन्ध;

- आवास गृहमा भेटघाट कक्षभन्दा उता बस्ने अनुमतिप्राप्त अनि चिकित्सक, सफाइकर्मी लगायतका अत्यावश्यक व्यक्ति बाहेक बाहिरका कसैलाई पनि प्रवेश मनाही र

- निर्देशन समितिले तोकेबमोजिम खोल्ने गरी आवास गृहमा उजुरीपेटिकाको व्यवस्था ।

- अल्पकालीन सेवा केन्द्रमा सेवा लिने पीडितको गोपनीयता कायम राख्ने ।

**(झ) जनशक्ति**
केन्द्रमा महिलालाई प्राथमिकता दिई देहाय बमोजिमको पूरै प्रशिक्षित जनशक्ति हुनुपर्दछ :

- केन्द्र प्रमुख एकजना, चौकीदार एकजना र [आंशिक समय] भान्छे, सरसफाइकर्मी आवश्यकता अनुसार र

- मनोसामाजिक विमर्शक र कानुनी सल्लाहकार भनेका बेला उपलव्ध हुने गरी सम्पर्कमा ।

**(ञ) अभिलेख**
केन्द्रले देहायबमोजिम अभिलेख राख्नुपर्दछ :

- प्रभावित महिलाको नाम दर्ता किताप;

- संरक्षित व्यक्तिको दैनिक हाजिरी किताप;

- प्रभावित महिलाको व्यक्तिगत गोप्य फाइल;

- दोहोरो लेखा प्रणालीमा केन्द्रको आम्दानी खर्चको पारदर्शी लेखा तथा सोको पुष्टि गर्ने कागजात;

- निर्देशन समितिको निर्णय किताप;

- स्वास्थ्योपचार, मनोसामाजिक विमर्श, कानुनी सेवाको विवरण खुल्ने सेवापिच्छे लगत र प्रगति प्रतिवेदन,अनुसरण रेकड

- समन्वय समिति ले तोकेको अन्य अभिलेख ।

**१०. खर्चका मानक**

सेवा केन्द्रबाट सेवा प्रदान गर्दा देहायको प्रयोजनमा देहाय बमोजिमको सीमाभित्र रहेर खर्च गर्नुपर्दछ :

(क) घर भाडा : केन्द्रका साथै सुरक्षित अल्पकालीन आश्रयका लागि लिइने घरको भाडाबापत साधारणतया वार्षिक हिमाली वा पहाडी जिल्लामा रु. १ लाख ५० हजार र तराईका जिल्लामा रु. २ लाख ननाघ्ने गरी समन्वय समितिले घर हेरी स्वीकृत गरेको रकम;

(ख) मालसामान : दच्छेना, पर्दा, खाट, विस्तरा, भाँडाकुँडा, टेलिभिजन, खातापाता लगायतका स्थापनाका लागि आवश्यक खप्ने मालसामानमध्ये हाल फेर्नु वा थप गर्नुपर्ने भए शैया क्षमता समेतको विचार गरी साधारणतया रु. ५०,००० हजार ननाघ्ने गरी समन्वय समिति ले औचित्यका आधारमा स्वीकृत गरेको रकम;

(ग) औषधोपचार : समन्वय समितिले तोकेको अस्पतालमा उपचार गराउँदा [बिरामी तथा कुरुवासमेतको जोडेर] निम्नानुसार सीमा ननाघ्ने गरी लागेको यथार्थ खर्च :

- सुरक्षित अल्पकालीन आश्रयमै बसी उपचार गराउँदा अस्पताल आतेजाते मितव्ययी सवारी साधनको भाडाका साथै परीक्षण तथा औषधी खर्चबापत जम्मा रु. २,००० सम्म;

- अस्पतालमै भर्ना भई उपचार गराउँदा पुऱ्याउँदा र ल्याउँदा लागेको मितव्ययी सवारी साधनको भाडा, परीक्षण तथा औषधी खर्चका अतिरिक्त ५ दिनसम्म खाने खर्चबापत बिरामी र एकजना कुरुवाका लागि प्रतिव्यक्ति प्रतिदिन रु. ३०० गरी जम्मा रु. ६,५०० सम्म;

- विशेष अवस्थामा समन्वय समिति ले विशेष निर्णय गरेकोमा थप रु. ४,००० सम्म;

(घ) कानुनी उपचार : एक जना साथीसमेत अड्डा-अदालत आतेजाते मितव्ययी सवारी साधनको भाडा, कानुनी दै-दस्तुर र सेवाबापत [साथीसमेतको जोडेर] निम्नानुसारको सीमा ननाघ्ने गरी लागेको यथार्थ खर्च :

- सामान्य अवस्थामा प्रतिव्यक्ति रु. २,५०० सम्म;

- विशेष अवस्थामा समन्वय समितिले विशेष निर्णय गरेकोमा थप रु. २,५०० सम्म;

(ङ) फुटकर : अल्पकालीन आश्रयमा रहेको दिनजति प्रभावित महिलालाई मात्र फुटकर खर्चबापत प्रतिव्यक्ति दैनिक रु. १५;

(च) फिर्ता सम्प्रेषण : फिर्ता सम्प्रेषण गर्दा साथीसमेतको मितव्ययी सवारी साधनको भाडा तथा एकै दिन पुगिनेमा खाजा खर्चबापत प्रतिव्यक्ति रु. ५० र बास बस्नुपर्नेमा बस्नेखाने खर्चबापत प्रतिव्यक्ति दैनिक रु. ३००;

(छ) खानेकुरा : अल्पकालीन आश्रयमा रहेको अवधिभरि प्रभावित महिला र साथीसमेतको खानेकुरामा प्रतिव्यक्ति दैनिक रु. ३००;

(ज) मनोसामायिक विमर्श : प्रभावित महिलालाई आवश्यक मनोसामाजिक विमर्श प्रदान गर्न प्रतिव्यक्ति रु. १,००० सम्म;
(झ) लुगाफाटो : प्रभावित महिला को कपडा च्यातिएर, रगताम्मे भएर वा एकसरो मात्र भएर अवस्था भएकोमा न्यूनतम रूपमा नभइनहुने अत्यावश्यक लुगाफाटो किन्न प्रतिव्यक्ति रु.१५०० सम्म,
(ञ) जीविकोपार्जन अनुदान : माथि ४.(ढ) मा उल्लिखित अवस्थामा जीविकोपार्जन अनुदान बापत प्रति प्रभावितमहिला परियोजना हेरी रु.१५००० ननाघ्ने गरी सम्बन्धित केन्द्रको निर्देशन समितिले उपलब्ध स्रोतसमेतको विचार गरी स्वीकृत गरेको रकम सम्म र
(ट) व्यवस्थापन खर्च : जनशक्ति, प्रतिवेदन, सञ्जालीकरण, समीक्षा र केन्द्रका गतिविधिसमेतको खर्चबापतका लागि रु. २ लाख ५० हजार ननाघ्ने गरी पुष्ट्याइँका आधारमा औचित्यसमेत हेरी समन्वय समितिले स्वीकृत गरेको एकमुष्ट रकम र
(ठ) बैठक खर्च : निर्देशन समितिको बैठक सञ्चालन खर्चबापत अधिकतम रु. ३६,००० ।

**११. भुक्तानी**
सेवा केन्द्रको खर्च संझौता भएपछि निर्देशन समिति ले निर्णय गरी माग गरेको आधारमा देहायबमोजिम भुक्तानी गरिनेछ :
(क) माथि ८.(क) मा उल्लिखित घरभाडाबापतको रकम मासिक र ८.(ठ) मा उल्लिखित बैठक सञ्चालन खर्चबापतको रकम चौमासिक किस्तामा;
(ख) माथि ८. (ख) मा उल्लिखित खप्ने मालसामान बापतको रकम सुरु मा एकैमुष्ट;
(ग) माथि ८.(ट) मा उल्लिखित व्यवस्थापन खर्चबापतको रकम मासिक किस्तामा;
(घ) सेवा सञ्चालनको प्रयोजनका लागि एक महिनाको व्यवस्थापन खर्च बराबरको रकम सुरु मै र
(ङ) प्रभावित महिलालाई प्रदत्त सेवाको खर्च प्रत्येक महिना व्यतीत भएपछि पेस गरेको प्रगति र खर्चको फाँटबारी तथा सोको पुष्टि गर्ने कागजातका आधारमा शोधभर्नास्वरूप ।

**१२. समन्वय समितिः** गां.पा./न.पा. ले स्थानीय तह प्रमुखको अध्यक्षतामा देहाय वमोजिम स्थानीय समन्वय समिति गठन गर्नेछ ।
अध्यक्षः स्थानीय तह प्रमुख ।
सदस्य : उप प्रमुख
सदस्य : प्रमुख प्रशासकिय अधिकृत
सदस्य : प्रहरी प्रमुख
सदस्य : स्वास्थ प्रमुख
सदस्य : कानुन अधिकृत
सदस्य : शिक्षा प्रमुख
सदस्य : महिला शाखा प्रमुख
सदस्य गै.स.स. । महिला अधिकारकर्मि
सदस्य सचिवः सामाजिक विकास अधिकृत

**१३.निर्देशन समिति**
सेवा केन्द्रको सञ्चालनमा मार्गदर्शन प्रदान – संयोजक
गर्न, प्रदत्त सेवाहरूको गुणस्तर सुनिश्चित

गर्न र विभिन्न सेवा-प्रदायकमाभ्र सहकार्यलाई बढावा दिन समेत स्थानिय तह समन्वय समितिबाट देहायबमोजिमको एक निर्देशन समिति गठन गरिनेछ :
महिला,बालबालिका तथा सामाजिक शाखा प्रमुख
कानुन, प्रहरी , स्वास्थ्य र शिक्षाका अधिकृत प्रतिनिधि – सदस्य
महिला अधिकारकर्मी, संचारकर्मि, लैङ्गिक हिंसाविरुद्ध कार्यरत गैससबाट समन्वय समितिले मनोनयन गरेका तीनजना – सदस्य
– सदस्य
सेवा केन्द्र सञ्चालक महिला संस्थाका अध्यक्ष –सदस्य-सचि

## अनुसूची १
## महिला संस्था र स्थानिय तह विच गर्ने सम्झौताको ढाँचा

### सम्झौता-पत्र

माण्डवी गाउपालिकाको  रेखदेख, मार्गदर्शनमा घरेलू हिंसा र लैंगिक हिंसाबाट प्रभावित महिलाका लागि महिला संस्थाहरूको समन्वयमा सूरक्षित अल्पकालीन आश्रयसहित माण्डवी गाउपालिकामा अल्पकालिन सेवा केन्द्र स्थापना तथा सञ्चालन गर्ने, गराउने सम्बन्धमा तपसिलका शर्तहरू एक-आपसमा पालना गर्ने गरी यो सम्झौता-पत्रको दूईप्रतिमा सहीछाप गरी एक-एकप्रति बूझी लियौंदियौं :

**तपसिल**

१.संस्थाले समन्वय समितिबाट तय भएबमोजिम ... ... ... मा ... शैयाको सूरक्षित अल्पकालीन आश्रयको सूविधासमेत घरेलू र लैंगिक हिंसाबाट प्रभावित महिलाको तत्काल संरक्षण, राहत एवं न्यायमा पहूँचका लागि आवश्यक सहयोग गर्न र समूदायस्तरका सेवा केन्द्रहरूसँग समन्वय गरी सामाजिक जागरण, पारिवारिक पूनर्मिलन एवं पून:स्थापनाका कार्यहरूमा सहजीकरण गर्न अल्पकालिन सेवा केन्द्र सञ्चालन गर्नेछ;

२. बूँदा (१) मा उल्लिखित कार्यका सिलसिलामा प्रभावित महिलाले प्राप्त गर्नूपर्ने सेवाका न्युनतम मापदण्ड, खर्चका मानक (Norms) एवं संस्थाको उत्तरदायित्वलगायतका अन्य कूरा अनूसुचीमा दिइएको कार्यक्षेत्रगत शर्त (Terms of Reference) बमोजिम हूनेछ, जून यो सम्झौता-पत्रको अभिन्न अङ्ग मानिनेछ;

३. बूँदा (१) मा उल्लिखित सबै प्रकारका सेवाहरू प्रभावित महिलाका हकमा नि:शूल्क हूनेछन्;

४. बूँदा (१) मा उल्लिखित कार्यहरु सम्पादन गर्दा संस्थाले प्रभावित महिलाको अधिकारको उच्चतम सम्मान गर्नेछ तथा बूँदा (२) मा उल्लिखित कार्यक्षेत्रगत शर्तमा निर्धारित गृह परिसरको सूरक्षालागतका न्यूनतम मापदण्डहरुको पुर्ण पालना सुनिश्चित गर्न आवश्यक प्रक्रियाहरुको स्थापना, कर्मचारी, कामदारको प्रशिक्षण, आचारसंहिताको निर्धारण, आन्तरिक सूपरीवेक्षण र गूनासो सूनूवाइको समूचित व्यवस्था मिलाउनेछस

५. संस्थाले ............ असार मसान्तसम्म अविच्छिन्न रूपमा बूँदा (१) मा उल्लिखित सेवाहरू सञ्चालन गर्नेछ;

६. बूँदा (५) मा उल्लिखित अवधिसम्म बूँदा (१) मा उल्लिखित सेवाहरू सञ्चालन गर्न कार्यालयले संस्थालाई निर्देशन समितिले निर्णय गरी माग गरेको आधारमा देहायबमोजिम कार्यक्रम अनूदान प्रदान गर्नेछ :

(क) खप्ने मालसामानबापतको रु. ... ... सूरु मा एकैमूष्ट;
(ख) घर भाडाबापतको जम्मा रु. ... ... मा महिनाबारी रु. ... ... का दरले महिना व्यतीत भएपछि;

(ग) व्यवस्थापन खर्चबापतको जम्मा रु. ... ... मा महिनाबारी रु. ... ... का दरले महिनाको सूरु मै;
(घ) निर्देशन समितिको बैठक सञ्चालन खर्चबापतको जम्मा रु. ... ... मा चौमासिक रु. ... ... का दरले चौमासिकभित्र;
(ङ) सेवा सञ्चालनको प्रयोजनका लागि एक महिनाको व्यवस्थापन खर्च बराबरीको रकम सूरु मै र
(च) प्रभावित महिलालाई प्रदत्त सेवाको खर्च प्रत्येक महिना व्यतीत भएपछि शोधभर्नास्वरूप ।
७. बूँदा (६) को खण्ड (च) बमोजिम शोधभर्ना माग गर्दा संस्थाले समन्वय समितिबाट तय भएबमोजिम कार्यालयले तोकेको ढाँचामा मासिक प्रगति, खर्चको फाँटबारी र सम्प्रेषण, संरक्षण एवं फिर्ता सम्प्रेषणको मिति, अवधि, स्थान खूलेको सम्बन्धित प्रभावित महिलाको हस्ताक्षरसहितको नामावलीलगायतका खर्च पूष्टि गर्ने कागजातको नक्कल पेस गर्नूपर्नेछ;

८. बूँदा (६) को खण्ड (ङ) बमोजिम सेवा सञ्चालनको प्रयोजनार्थ संस्थालाई प्रदत्त रकम संस्थालाई प्रदान गर्नूपर्ने अन्तिम महिनाको व्यवस्थापन खर्चबापतको रकमबाट कट्टा गरी फछ्र्यौट गरिनेछ;

९.संस्थाले सम्प्रेषणको क्रममा वा संरक्षणमा रहूङजेल समन्वय समितिले तय गरेबमोजिम कार्यालयले तोकेको प्रकृतिको स्वास्थ्योपचार गराउनूपर्ने प्रभावित महिलाको हकमा त्यसै गरी तोकिएको अस्पताल वा स्वास्थ्य केन्द्रबाट सोको समूचित व्यवस्था गर्नेछस
१०. संस्थाले यो सम्झौता-पत्रबमोजिम कार्य सम्पादन गर्दा आर्थिक कारोबार एवं त्यस्तो कारोबार पूष्ट गर्ने कागजातका साथै सम्बन्धित प्रभावित महिलाको नाम दर्ता कितापलगायत प्रदत्त सेवाहरूको सम्पूर्ण विवरण खूल्ने गरी ठीक, दूरुस्त एवं पारदर्शी अभिलेख राख्नेछ तथा समन्वय समिति वा कार्यालयले मागेका बखत उपलब्ध गराउनेछ;

११. बूँदा (१०) मा जूनसूकै कूरा लेखिएको भए तापनि संस्थाले सम्बन्धित प्रभावित महिलाको व्यक्तिगत एवं संवेदनशील विवरणको गोपनीयता कायम राख्नेछ;

१२. समन्वय समिति वा कार्यालयले यो सम्झौता-पत्रबमोजिम संस्थाले सम्पादन गरेका कार्यहरूको सम्बन्धमा यथार्थ स्थिति बूझ्न जूनसूकै बेला जिल्ला सेवा केन्द्र तथा अन्तर्गतको सूरक्षित अल्पकालीन आश्रय परिसरलगायतको स्थलगत निरीक्षण गरी अभिलेख, कागजात हेर्न एवं सम्बन्धित प्रभावित महिलाको प्रतिक्रिया बूझ्न तथा सूधार गर्नूपर्ने कूरामा सूधार गर्न सूझाउ दिन सक्नेछ;

१३. यो सम्झौता-पत्रको अन्यत्र जूनसूकै कूरा लेखिएको भए तापनि बूँदा (७) बमोजिम पेस गर्नूपर्ने विवरण वा कागजात पेस नगरेको वा झूठो विवरण वा कागजात पेस गरेको वा बूँदा (१२) बमोजिम स्थलगत निरीक्षण गर्दा यो सम्झौता-पत्रबमोजिम पालना गर्नूपर्ने शर्तहरू पालना नगरेको देखिएको वा दिइएको मूनासिब सूझाउको कार्यान्वयन नगरेको खण्डमा कार्यालयले संस्थालाई दिनूपर्ने शोधभर्ना वा अन्य कूनै रकम तत्काल रोक्का राखी समन्वय समितिको निर्णयानूसार त्यस्तो शर्त पालना गरेपछि मात्र दिन वा नदिन सक्नेछ;

१४. यो सम्झौता-पत्र ... ... असार मसान्तसम्म मान्य हूनेछ;

१५. बूँदा (१४) मा जूनसूकै कूरा लेखिएको भए तापनि समन्वय समितिको तर्फबाट सम्पन्न छानवीनपछि संस्थाले बूँदा (२) मा उल्लिखित कार्यक्षेत्रगत शर्तको गम्भीर उल्लङ्घन गरेको पाइएमा समन्वय समितिको निर्णयले कार्यालयले कूनै पनि बेला यो सम्झौता-पत्र रद्द गर्न सक्नेछ;

१६. यो सम्झौता-पत्रको सम्बन्धमा कूनै विवाद उत्पन्न भएमा आवश्यकताअनूसार समन्वय समितिको संयोजनमा दूवै पक्षको आपसी सहमतिबाट त्यस्तो विवादको निरूपण गरिनेछ र

१७. बूँदा (१६) बमोजिम विवादको निरूपण हून नसकेमा प्रचलित कानूनबमोजिम हूनेछ ।

इति सम्बत् ... ... साल महिना ... गते रोज ...
शूभम् ।

**संस्थाको तर्फबाट**
दस्तखत :
नाम, थर :
पद :

**कार्यालयको तर्फबाट**
दस्तखत :
नाम, थर :
पद :

**साक्षी**
दस्तखत :
नाम :
ठेगाना :

**साक्षी**
दस्तखत :
नाम :
ठेगाना :